नेपाल सरकार
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

URL : www.mopit.gov.np
email:info@mopit.gov.np
फोन नं. ४२११९८०, ४२११९३१, ४२११६५५
फ्याक्स नं. ४२११७२०
सिंहदरबार, काठमाडौं, नेपाल ।

अत्यन्त जरुरी

पत्र संख्या:- ४।३।२०८२।८३
च. नं.:- ०6

मितिः- २०८२।०४।१८

विषयः- आ.व. २०८१।८२ को लेखापरीक्षण तथा बेरुजु फस्यौंट सम्बन्धमा ।

श्री सडक विभाग, बबरमहल, काठमाडौं ।
श्री रेल विभाग, विशालनगर, काठमाडौं ।
श्री यातायात व्यवस्था विभाग, मीनभवन, काठमाडौं ।
श्री नेपाल पानीजहाज कार्यालय, एकान्तकुना, ललितपुर ।
श्री सडक बोर्ड नेपाल, मीनभवन, काठमाडौं ।

आर्थिक वर्ष २०८१।८२ सम्मको लेखापरीक्षण गर्न चालु आर्थिक वर्ष २०८२।८३ मा एकल वा संयुक्त टोली चरणबद्ध रुपमा स्थलगत लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण टोली खटिइसकेको जानकारी प्राप्त भएकोले चालु आर्थिक वर्षमा हुने लेखापरीक्षणबाट शून्य बेरुजु कायम गर्न/गराउन र तीन वर्षदेखि बेरुजु सम्परीक्षण हुन नसकेकोमा लेखापरीक्षण टोलीबाट नै सम्परीक्षण समेत हुने हुँदा आ-आफ्नो र मातहतका निकायहरुलाई समेत महालेखा परीक्षकको कार्यालयबाट खटिई आउने लेखापरीक्षण टोलीलाई आवश्यक सहयोग गरी लेखापरीक्षण तथा सम्परीक्षणका लागि तपसिल बमोजिमको व्यवस्था गर्नु/गराउनु हुन अनुरोध छ ।

तपसिल

१. लेखापरीक्षणको समयमा कार्यालय प्रमुख, लेखा प्रमुख, जिन्सी प्रमुख र प्राविधिक कर्मचारी सहित अन्य आवश्यक कर्मचारी लेखापरीक्षण अवधिभर अनिवार्य उपस्थित भई लेखापरीक्षणको लागि आवश्यक प्रमाणहरु यथासमयमै पेश गरी बेरुजु शून्य कायम गर्ने/गराउने ।
२. लेखापरीक्षणका समयमा महालेखापरीक्षकको डोरले राखेका जिज्ञासा वा पुष्टयाईं सम्बन्धित जिम्मेवार कर्मचारीबाट हल गर्ने/गराउने ।
३. महालेखापरीक्षकबाट लेखापरीक्षण भई प्राप्त प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम **पैतिस दिन भित्रै** अनिवार्य बेरुजु फस्यौंट गर्ने/गराउने ।
४. बर्षेपिच्छे एकै प्रकृतिका बेरुजु दोहोरिने गरेकाले विगतका एकै प्रकृतिका बेरुजुहरु दोहोरिन नदिने ।
५. विगतका स्रेस्ता लेखापरीक्षण गराउनबाँकी भए स्थलगत लेखापरीक्षणकै क्रममा वक्यौता लेखापरीक्षण गर्ने/गराउने ।
६. लेखापरीक्षणको क्रममा उपलब्ध गराउनु पर्ने आवश्यक प्रमाण/कागजातका साथै महालेखापरीक्षकको कार्यालयबाट माग भए अनुसार अनुसूची-११ मा उल्लिखित फारामहरु भरी अनिवार्य रुपमा उपलब्ध गर्ने/गराउने ।
७. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ८८ (१) बमोजिम बेरुजुको लगत अनुसूची-१३ बमोजिमको ढाँचामा महालेखापरीक्षकको डोर समक्ष उपलब्ध गर्ने/गराउने ।
८. लेखापरीक्षण टोली आउनु अगावै गत विगत वर्षका असुल गर्नुपर्ने बेरुजुहरु नियमानुसार असुल गरी डोर समक्ष सम्परीक्षणका लागि पेश गर्ने/गराउने ।
९. गत-विगत वर्षका पेश्की बेरुजुहरुको नियमानुसार पेश्की फस्यौंट गर्ने र प्रमाण पेश गर्नुपर्ने बेरुजुहरुको लेखापरीक्षण टोली आउनु अगावै आवश्यक प्रमाणहरु तयार पारी डोर समक्ष सम्परीक्षणका लागि पेश गर्ने/गराउने ।
१०. विगत वर्षका नियमित गर्नुपर्ने बेरुजु मन्त्रालयबाट नियमित गराई डोर समक्ष सम्परीक्षणका लागि पेश गर्ने/गराउने ।
११. गत-विगत वर्षहरुको बेरुजुको आवश्यक प्रमाण पेशगरी लेखापरीक्षण स्थलमै शत-प्रतिशत बेरुजु फस्यौंट गर्ने/गराउने ।

केशब कुमार शर्मा
सचिव

**केशव कुमार शर्मा**
**सचिव**